हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक


# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १९५ पृष्ठ : ४ २०७७ फाल्गुन ०३ गते सोमबार (Monday 15 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# खानेपानी आयोजना निर्माणमा स्थानीयले लगाए कर्मचारी र ठेक्केदारमाथि भ्रष्टाचारको आरोप







**लहान ।** लहान नगरपालिका १४ वस्तीपुरस्थित भण्टाबारी स्कुल नजिकै खानेपानी आयोजना निर्माण भइरहेको छ । सो आयोजनामा कर्मचारी र ठेक्केदारले मिलेर भ्रष्टाचार गरी गुणस्तरीयहिन काम गरेको स्थानीयको आरोप छ । त्यहाँ पहिले समिति बनाउनु पर्थ्यो त्यो आयोजनाको काम सकिन लाग्दा पनि बनाएको छैन् ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट निर्माण भइरहेको यो आयोजनामा ०७७ माघ २० गते वडा कार्यालयमा उपभोक्ता समिति बनाइदिनलाई चिठि पठाएको छ । जबकी त्यहाँ बोर्डिङ्ग । ओभर हेड टंयाक निर्माण भइसकेका छन् । स्थानीयका अनुसार निर्माणका काममा दुई नम्बर इटा प्रयोग गरिएको छ । टंयाकमा पहिलो पटक पानी लगाउदाँ पनि चुहिने देखिएको थियो । वडा अध्यक्ष महेश श्रेष्ठका अनुसार स्थानीय तहमा जनप्रतिनिधि आउनुअघि देखि नै आयोजना निर्माण सुरू भएको थियो । त्यसमा हाल सम्म वडासँग कुनै सहकार्य नभएको उनले बताए । खानेपानी डिभिजन कार्यालय राजविराजका अनुसार देव विल्डर्स जनकपुरले टंयाक बनाउने ठेक्का पाएको छ ।

________बाँकी ४ पेजमा

# सभापति देउवाद्वारा प्रदर्शनमा सहभागिताका लागि आग्रह



**ने**पाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका ७७ जिल्ला कार्यसमितिको नेतृत्वमा आयोजना गरिने विरोध प्रदर्शनमा सहभागिताका लागि सबैमा आग्रह गरेका छन् ।

उनले आज विज्ञप्ति जारी गरी प्रतिनिधिसभा विघटनविरूद्ध काँग्रेस एकमतका साथ आन्दोलनमा रहेको स्पष्ट पार्दै पार्टीका सबै तहका सदस्यसँगै समस्त लोकतन्त्रवादीमा सोमबार प्रदर्शनमा सहभागी भएर ऐक्यबद्धता प्रकट गर्न अनुरोध गरेका छन् । विघटनविरूद्ध पार्टीले गत पुस १३, पुस २५, माघ ३, माघ ८, माघ १९ र माघ २४ गते विभिन्न चरणमा प्रदर्शन सम्पन्न गरिसकेको छ ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

छिटो भनेकै
WORLDLINK
3C Rs. 1,250* | 6C Rs. 2,200*
SPEEDमा BOOST नगदमा छुट
FREE
Enjoy 100+ HD Channels
& 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229

## श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.
लहान न.पा.-३, सिरहा

### कर्मचारी आवश्यकता

यस श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रीय कार्यालय लहान-३, सिरहालाई तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा योग्य सक्षम दक्ष अनुभवी व्यक्तिहरुले नागरिकता प्रमाण-पत्रको फोटोकपी सहित आ-आफ्नो योग्यताको प्रमाण-पत्र, बायोडाटा, पासपोर्ट साईजको फोटो २ प्रति सहित लिखित निवेदन मिति २०७७।११।०५ गते भित्र संस्थाको कार्यालय लहान-३ मा दरखास्त फर्म भर्न आव्हान गरिएको छ ।

तपसील

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | कार्यालय सहायक (चौंथो तह) | १ | (क) १२ कक्षा उत्तीर्ण वाणिज्य संकायमा ।<br>(ख) कम्प्यूटर सम्बन्धी ३ महिनाको तालिम प्राप्त गरेको ।<br>(ग) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| २. | बजार प्रतिनिधि (तेस्रो तह) | केही | (क) SEE उत्तीर्ण भएको ।<br>(ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |

नोटः- स्थानीयलाई विशेष ग्राहयता दिनेछ ।
छनौट प्रकृया सम्पर्क मितिमा जानकारी गराईनेछ ।
सम्पर्क मिति : २०७७।११।०६ गते विहीबार ।


कर्मचारी भर्ना उप-समिति संयोजक
सम्पर्क नं. ९८४२८४०१३७, ९८०१५३२२२९, ९८०७७४३२८३



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# अबको चुनावमा पार्टीगत सांसदहरूको गणितीय प्रक्षेपण

दुई तिहाइउन्मुख नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को ओली नेतृत्व सरकारको सिफारिसमा संविधानअनुसार पाँच वर्ष संवैधानिक कार्यकाल भएको प्रतिनिधिसभा समय पूरा नहुँदै राष्ट्रपतिद्वारा विघटन गरी



२०७८ वैशाख १७ र २७ गते गर्ने गरी मध्यावधि निर्वाचनको घोषणा गरिएको छ ।

यो विघटनविरूद्ध सर्वोच्च अदालतमा उजुरी परेको र संवैधानिक इजलासमा बहस छ, जसलाई प्रभाव पार्न डबल नेकपाको विभाजित प्रचण्ड(नेपाल समूह लगायत नेपालको संविधान २०७२ लाई विरोध गर्ने जनता समाजवादी र सा(साना कम्युनिस्ट पार्टीहरूले सडक आन्दोलन सुरू गरेका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले संसद् विघटन असंवैधानिक भनी अप्रत्यक्ष तवरबाट मध्यावधि चुनावको प्रचार सुरू गर्नुका साथै पार्टीको आन्तरिक विवाद समाधानका लागि संसद् पुनःस्थापनाको नारा पनि उठाई दोहोरो भूमिका खेलेको स्पष्ट छ ।

वर्तमान राजनैतिक अन्यौललाई मध्यावधि निर्वाचनमार्फत राजतन्त्र तथा हिन्दु राज्यको पुनःस्थापनाको मागका साथ राजावादी समूहहरूले पनि आन्दोलन गरेका छन् । यी राजनैतिक खिचातानीमा सत्ताधारीदेखि प्रतिपक्षहरूको मध्यावधि निर्वाचन वा संसद् पुनःस्थापना माग के हुन सक्छ सर्वोच्च अदालतले स्पष्ट व्याख्या गरिदिनेछ । यस लेखमा मध्यावधि निर्वाचन भएमा सम्भावित गणितीय तस्बिर कस्तो हुनेछ भनेर प्रक्षेपण गरिएको छ ।

**विघटनपूर्व सांसदहरूको गणित**

वि.सं. २०७४ मा सम्पन्नरून संघीय सरकारका लागि गरिएको निर्वाचनमा प्राप्त कुल ९५ लाख ४४ हजारमा ७७९ खसेको मतमध्ये नेकपा (एमाले) ले ३१ लाख ७३ हजार ४९४ वा ३३.२४८५ प्रतिशत र नेकपा (माओवादी केन्द्र) ले १३ लाख ३ हजार ७२१ वा १३.६५९० प्रतिशत गरी जम्मा ४४ लाख ७७ लाख हजार २१५ वा ४६.९०७५ प्रतिशत एकीकृत डबल नेकपाले प्राप्त गरेको थियो । यही मतको आधारमा एमालेले ४१ र माओवादी केन्द्रले १७ गरी एकीकृत भएपछि डबल नेकपालाई ५८ समानुपातिक सांसद निर्वाचित भएका थिए भने प्रत्यक्षबाट एमालेका ८०, माओवादी केन्द्रका ३६ र एक स्वतन्त्र गरी ११७ जना सांसद चुनिएका थिए ।

समग्रमा, प्रतिनिधिसभामा डबल नेकपाका १७५ जना सांसद (६३.६ प्रतिशत), नेपाली कांग्रेससँग २३ (प्रत्येक्ष) र ४० (समानुपातिक) गरी ६३ जना सांसदहरू (२२.९ प्रतिशत), एकीकृत पछि जनता समाजवादी पार्टीमा २२ (प्रत्येक्ष) र १२ (समानुपातिक) गरी ३४ जना सांसदहरू (१२.४ प्रतिशत) र राप्रपा (प्रत्येक्ष) राष्ट्रिय जनमोर्चा (समानुपातिक)र नेमकिपा (प्रत्यक्ष) प्रत्येकसँग एक(एक सांसद चुनिएका थिए ।

**विश्लेषण विधि**

अमेरिका लगायत पश्चिमी मुलुकहरूमा निर्वाचनको दौरानमा कसले जित हासिल गर्न सक्छ भनेर प्रक्षेपण गरिएको हुन्रूछ । वैज्ञानिक विधि अपनाउँदा अपनाउँदै पनि प्रक्षेपणको नतिजा मेल नखाएको उदाहरण अमेरिकामा सन् २०१६ मा भएको राष्ट्रपतिको चुनावमा पाइएको थियो ।कोरोना प्रभावित वर्तमान नेपालको परिवेशमा पनि निर्वाचनको सम्भावित नतिजाको प्रक्षेपणका लागि अन्तर्राष्ट्रिय स्तरको वैज्ञानिक विधि अपनाउन सकिएला तर साधन र स्रोतको अभावमा समयमा यथार्थ विवरण संकलन गर्न सकिँदैन । प्रतिनिधिसभा पुनःस्थापना हुने वा मध्यावधि निर्वाचन तोकिएको समयमा सम्पन्रून हुने माहौल नबनिरहेको अवस्थामा पछिल्लो संघीय निर्वाचनमा सांसदहरूले प्राप्त गरेको मतको आधारमा यहाँ विश्लेषण गरिनेछ । यसबाट आउने निचोडलाई एउटा पूर्वसंकेतका रूपमा मात्र लिन सकिन्रूछ, भलै निर्वाचन हुने

**प्रा. डा. पुष्पकमल सुवेदी**

अघिल्लो दिनसम्म घट्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमको प्रभावले विगतको मत परिणामलाई उलटपुलट बनाउन सक्छ ।

आउँदो मध्यावधि निर्वाचनमा पनि वि.सं. २०७४ को संघीय निर्वाचनमा भाग लिने पार्टीहरूले औसतमा उस्तै समानुपातिक मत प्राप्त गर्छन् भन्रूने अनुमान गरिएको छ, किनकि प्रायः राजनैतिक दलहरूसँग राष्ट्रको आर्थिक समृद्धि कसरी गर्ने भन्रूने कुनै नयाँ एजेन्डा छैन । २०७८ वैशाखमा हुने मध्यावधि निर्वाचनले घोषणाको कारणले एकीकृत डबल नेकपाबाट विभाजित कुन समूह संख्यात्मक रूपमा बहुमतमा हुन्रूछ भनेर स्पष्ट भन्रून नसकिने अवस्था छ । पार्टीको केन्द्रीय समितिको बहुमत संख्या भएको आआफ्नो दाबी हुँदाहुँदै पनि भविष्यमा हुने निर्वाचनले दिने तथ्यांक बाहेक सानो ठूलो मापन गर्ने अन्य कुनै वैज्ञानिक विधि छैन ।

हालै विभाजित डबल नेकपाको दुई भिन्रून जसले बहुमतको दाबी गरे पनि एकीकृत डबल नेकपालाई वि.सं. २०७४ को आम निर्वाचनमा प्राप्त ४६.९०७५ प्रतिशत मत परिणामलाई दुवै विभाजित पार्टीहरूको समान हैसियत छ भन्रूने मान्यताको आधारमा दुईले भाग गरी हुन आएको २३.४५३८ लाई स्तरिय स्केल मानेर एकीकृत हुनु अगाडि दुई भिन्रून अस्तित्वमा रहेका नेकपा एमाले र माओवादी केन्द्रका निर्वाचित सांसदहरूले प्राप्त गरेको मत परिणामलाई २३.४५३८ प्रतिशतले गुणा गरी फरक निकाली निकटतम प्रतिद्वन्द्वीको प्राप्त मतबाट घटाउँदा पनि मत बढी देखिएमा भविष्यमा पनि निर्वाचित हुन सक्ने आधार मानिएको छ ।

त्यस्तै कुनै पनि सांसदको उम्मेद्वार भई निकटतम प्रतिद्वन्दी भएर निर्वाचित हुन नसकेका पार्टीगत उमेद्वारहरु आउँदो निर्वाचनमा स्वतः सो चुनाव क्षेत्रमा हार्न सक्ने दुई तर्क छन् । पहिलो,



दुई तिहाइउन्मुख डबल नेकपा विभाजित भई मध्यावधि निर्वाचनमा जाँदै छ र विप्लवसहित २३ ससाना कम्युनिस्ट पार्टीहरु ओलीको कदमविरूद्ध छन् । दोस्रो, बढ्दो महँगी, भ्रष्टाचार र कोभिड(१९ मा सरकारको व्यवस्थापकीय कमजोरी आदि लगायत जल्दाबल्दा सवाल सबै गैरकम्युनिस्ट प्रतिपक्षहरूका लागि मतदाताहरु आकर्षण गर्ने चुनावी मसला हुन् । यी कारणहरूले हिजो प्रतिपक्षहरूले जितेका क्षेत्रहरूमा डबल नेकपाका उम्मेद्वारहरु निर्वाचित हुने सम्भावना अति कम हुने अनुमान गरिएको छ ।

**सम्भावित परिणाम**

संसद् पुनःस्थापना भएमा मात्र डबल नेकपाको भविष्य तुलनात्मक रूपमा सुरक्षित छ किनकि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले पार्टी विभाजन हुने संकटबाट तत्काल मुक्त हुने अनुमान गर्न सकिन्रूछ । थोरै क्षति व्यहोर्ने गरी जसरी नेपाली कांग्रेस एकढिक्का भएर गिरिजाप्रसाद कोइरालाले गरेको पहिलो प्रतिनिधिसभाको विघटनको समयमा चुनावमा सहभागी भएको थियो त्यसरी नै डबल नेकपा एकीकृत भएर मध्यावधिमा भाग लिएमा संसद्मा ठूलो दल बन्रूने सम्भावना पनि उत्तिकै छ तर विभाजित पार्टीहरूको नेतृत्वहरूको बीच अराजनैतिक हिलो छापाछापले तत्काल पार्टी एकीकृत हुने सम्भव देखिँदैन ।

तल उल्लिखित तथ्यांक मध्यावधि निर्वाचनमा दुवै प्रत्यक्ष तथा समानुपातिकबाट चुनिने सांसदहरूको प्रक्षेपण गरिएको पार्टीगत परिणाम हो । हरेक पार्टीका लागि प्रक्षेपण गरिएको निर्वाचित सांसदहरूको संख्याहरूमा पाँच प्रतिशत तलमाथि हुन सक्ने अनुमान गरिएको छ । जब सत्ताधारी पार्टीबाट विभाजित दुवै समूहले भिन्रूनाभिन्रूनै प्रतिद्वन्दी रूपमा चुनावमा भाग लिँदा माथि उल्लिखित विश्लेषण विधिअनुसार वि.सं. २०७४ मा सम्पन्रून संघीय निर्वाचनमा २७५ सांसद संख्याको पार्टीगत प्राप्त मतको आधारमा प्रक्षेपण गर्दा नेकपाका दुवै विभाजित पार्टीहरूले कुलमा ६० जना सांसदहरु प्रत्यक्ष निर्वाचन र ५८ जना सांसदहरु समानुपातिक (४६.९०७५ प्रतिशतको आधारमा) बाट गरी बढीमा ११८ (४२.९ प्रतिशत) निर्वाचित हुने अनुमान गरिएको छ । दुवै ओली तथा प्रचण्ड नेपाल समूहरूमा बराबर सांसदहरु निर्वाचित हुन पनि सक्नेछन् ।

वर्तमान सरकारले चुनाव गराउने भएकाले ओली नेतृत्व नेकपाको बढीमा ८८ (३२ प्रतिशत) र प्रचण्ड-नेपाल समूहको ३० (१०.९ प्रतिशत) जना सांसदहरु चुनिने सम्भावना छ किनभने विगतमा एमालेबाट विभाजित भई नेकपा माले बनाई सहाना(वामदेवको नेतृत्वमा सत्ता बाहिरबाट निर्वाचनमा भाग लिँदा प्रत्यक्ष निर्वाचनमा (समानुपातिक व्यवस्था नभएको) शून्य हात लागेको इतिहास छ । यो अनुमानको ठीक विपरीत प्रचण्ड(नेपाल समूहको बढीमा ८८ (३२ प्रतिशत) र ओली समूहको ३० (१०.९ प्रतिशत) सांसदहरु हुने अवसर जनताले दिन पनि सक्नेछन् ।

सूर्य चिन्ह प्राप्त गर्ने पार्टीको सांसदहरूको संख्यामा केही वृद्धि हुन सक्नेछ तर दुवै विभाजित पार्टीहरूको कुल ११८ सांसदहरूको संख्याभन्दा बढी निर्वाचित हुन असम्भव छ किनकि सत्ता लुछाचुँडीमा दुवै विभाजित पार्टी संलग्न भई डबल नेकपा नेतृत्वको सरकार आफ्नो कार्यकाल पूरा गर्न असफल भएको हो । यसका साथै एकआपसमा स्तरहीन आरोप(प्रत्यारोप गरेका कारण सर्वसाधारण मतदाताहरु कम्युनिस्टप्रति विकर्षण हुनाले गैरकम्युनिस्ट पार्टीहरुका सांसदहरु बढी निर्वाचित हुने सम्भावना उत्तिकै छ ।

डबल नेकपा विभाजित भएको फलस्वरूप हाल प्रत्यक्षबाट २३ निर्वाचित सांसदहरु भएको नेपाली कांग्रेसको आउँदो मध्यावधिमा कम्तीमा ७४ सांसदहरु पुग्ने अनुमान गरिएको छ । वि.सं. २०७४ को संघीय समानुपातिकमा नेपाली कांग्रेसको मत ३२.७७५९ प्रतिशतलाई आधार मान्दा ४० समानुपातिक सांसदहरु गरी कम्तीमा ११४ (४१.५ प्रतिशत) हुनेछन् र प्रतिनिधिसभामा ठूलो दल बन्रूने सम्भावना छ । सरकार बनाउन २७५ मध्ये बहुमत १३८ जना सांसदहरु आवश्यक भएको हुँदा मध्यावधि चुनावपछि बन्रूने संसद्मा नेपाली कांग्रेससँग धेरै सांसदहरु हुन सक्ने तर पूर्ण बहुमतको अभावमा सरकार गठन गर्न जनता समाजवादी पार्टी वा विभाजित नेकपाको कुनै एकसँग मिल्नुपर्ने अवस्था देखिनेछ ।

त्यस्तै जनता समाजवादी पार्टीमा हालका प्रत्यक्षबाट चुनिएका २२ सांसदहरूमा बढीमा ३ जना सांसद थपिन गई दुवै प्रत्यक्ष र समानुपातिक (१०.७३७५ प्रतिशत) सांसदहरु गरी कम्तीमा ३८ (१३.८ प्रतिशत) हुने अनुमान गरिएको छ ।

अन्य साना पार्टीहरूको बढीमा पाँच सांसद हुन सक्नेछन् । मध्यावधि निर्वाचनलाई विकल्प मानेर नया जनादेश लिन खोज्दा बहुमतको संरचना भत्किई अल्पमतले मात्र सरकारको नेतृत्व गर्दा विगतमा झैँ राजनैतिक अस्थिरता हुन सक्ने गणितीय प्रक्षेपण गरिएको छ । वर्तमान परिस्थितिमा स्वच्छ र निष्पक्ष रूपमा मध्यावधि निर्वाचन सम्पन्रून भएमा विगतको अनुभव र पछिल्लो संघीय चुनावको मत परिणामलाई केलाउँदा विभाजित पार्टीको अध्यक्ष प्रधानमन्त्रीको बहुमत प्राप्त गर्ने रहर र आकांक्षा पूरा नहुने मात्र हैन, मिलिजुली सरकारका लागि पहिलो ठूलो दल हुन पनि असम्भव छ । मध्यावधि निर्वाचनले सत्ताधारी पार्टी विभाजनको कारणबाट सबैभन्दा राजनैतिक लाभ नेपाली कांग्रेसलाई दिनेछ तर पूर्ण बहुमत प्राप्त गर्न हम्मेहम्मे हुनेछ किनकि एकातिर संविधानमा उल्लेख गरिएको मिश्रित संसदीय पद्धति आफैँमा बाधक छ भने अर्कोतिर राष्ट्र निर्माणका लागि नेपाली कांग्रेससँग सामाजिक न्यायउन्मुख आर्थिक विकासको स्पष्ट नीति छैन र लागू गर्न सक्ने सबल तथा सक्षम नेतृत्वको अभाव छ ।

*बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्नेछ ।

**वृष** :- शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । यात्रामा मालसामान हराउन सक्छ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ । स्वास्थ्यमा खर्च बढ्नेछ ।

**मिथुन**:- आज धार्मिक क्षेत्रको भ्रमण हुनेछ । आफन्तसंग भेटघाट हुनेछ । साँझमा आधुरा काम बन्न सक्छ, तर नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**कर्कट** :- जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । घरमा अतिथीको आगमन हुनेछ ।

**सिंह**:- मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**कन्या** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**तुला** :- महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योगछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- धर्म, कर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरू गर्ने समय छ । वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**धनु** :- लाभदायक यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**मकर**:- आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्च समेत बढ्ने योग छ । सहकर्मीबाट विरोध आउन सक्छ ।

**कुम्भ**:- आज शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आँको काम पुरा हुनेछ ।

**मिन** :- घरमा अतिथीको आगमन हुनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहला । साथीभाइले पनि सहयोग जुटाउनेछन् ।

# काँग्रेस महाधिवेशन जेठ मसान्त वा भदौ पहिलो साता

नेपाली काँग्रेसले केन्द्रीय कार्यसमितिको बैठक यही फागुन ५ गते बोलाएको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा अपराह्न २ बजे बस्ने बैठकमा दलको आगामी १४ औँ महाधिवेशन र समसामयिक राजनीतिक विषयमा छलफल हुने पार्टी कार्यालयले जनाएको छ ।

काँग्रेसले पार्टीको १४औँ महाधिवेशन कार्यतालिका कोभिड-१९ को संक्रमणका कारण प्रभावित भए पनि अझै महाधिवेशनको नयाँ मिति तोकेको छैन । पार्टीले गत असार २२ गते केन्द्रीय महाधिवेशन यही फागुन ७ देखि १० गतेसम्म गर्ने गरी कार्यतालिका निर्धारण गरेको थियो ।




फागुन ५ गतेको बैठकमा पनि महाधिवेशनको नयाँ मिति भने नतोकिने बताइएको छ । काँग्रेसका एक केन्द्रीय सदस्यका अनुसार पार्टीले महाधिवेशनको नयाँ मिति तोक्न सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटन मुद्दाको फैसला कुर्ने भएको छ । प्रतिनिधिसभा पुनःस्थापना भयो भने काँग्रेस महाधिवेशन आगामी जेठ मसान्तसम्म र पुनःस्थापना नभई निर्वाचनमा जानुपर्‍यो भने भदौ पहिलो साता हुन सक्ने उनले बताए ।

आगामी बैठकमा केन्द्रीय कार्यसमितिको समयावधि थप गरिने बताइएको छ । केन्द्रीय कार्यसमितिको समयावधि थप गर्दा कांग्रेस पार्टीको विधानानुसार नभई नेपालको संविधानको सहारा लिनुपर्ने हुन्छ । बैठकले केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा पार्टीको क्रियाशील सदस्यता छानबिन समिति गठन गर्ने पार्टी कार्यालय स्रोतले जनाएको छ ।

काँग्रेसको विधानमा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने र असाधारण स्थितिमा बढीमा एक वर्षसम्मको अवधि बढाउन सकिने उल्लेख छ । काँग्रेसको १३औँ महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्ममा काठमाडौँमा भएको थियो । काँग्रेसको विधानानुसार पार्टीको आगामी १४औँ महाधिवेशन यही फागुन २० गतेसम्म उद्घाटन गरिसक्नुपर्छ । *रातोपाटीबाट*

# अब प्रविधिबाटै ट्राफिक व्यवस्थापन

महानगरीय ट्राफिक प्रहरी महाशाखाले प्रविधिको उच्चतम प्रयोग गरी परम्परागत ट्राफिक व्यवस्थापन कार्यलाई क्रमशः विस्थापित गर्दै लैजाने रणनीति अवलम्बन गरेको छ । नयाँ प्रविधिको प्रयोगसँगै 'हात हल्लाएर तथा सिटी फुकेर' दिइने सेवा देख्न पाइने छैन ।

उपत्यकाको ट्राफिक व्यवस्थापन कार्यलाई चुस्त, वैज्ञानिक तथा प्रभावकारी बनाउन प्रविधिको प्रयोग सकारात्मक हुने अपेक्षा गरिएको छ । "सडकचोकमा ट्राफिक जनशक्ति थुपारेर होइन अब प्रविधिबाटै काम हुने छ", महाशाखा प्रमुख जनकराज भट्टराईले भन्नुभयो ।



प्रविधिमैत्री ट्राफिक व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्य समन्वयबाट क्रमशः प्रविधिको उच्चतम प्रयोगसम्बन्धी अभ्यास भइरहेको छ । महाशाखा प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक भट्टराईका अनुसार ट्राफिकसम्बन्धी सेवाहरु प्रविधिमैत्री भइसकेका छन् । ट्राफिक कारबाहीसम्बन्धी जरिवाना, सवारी साधन हराएको वा चोरी भएको उजुरी, ट्राफिकसँग सम्बन्धित अन्य कागजपत्र लिनदिन ट्राफिक प्रहरी कार्यालय धाउनुपर्ने बाध्यता हटेको छ । महाशाखाले गत सातादेखि यी सम्पूर्ण सेवा अनलाइनमार्फत उपलब्ध गराउन थालेको हो । यो समाचार आजको गोरखापत्र दैनिकमा देवबहादुर कुँवरले लेखेका छन् । *रातोपाटीबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# प्लेटोनिक लभ : जहाँ यौन र स्वार्थ हुँदैन

**के** प्रेम जीवनको लागि उत्तम मार्गनिर्देशन हो ? धेरै व्यक्तिहरु यो विश्वास गर्छन् र केहीले प्रेम बिना पनि जीवन सम्भव छ भनेर प्रेरणा जगाउने गर्छन् । प्रेम बहुआयामी हुन्छ र यसको धेरै स्वरुप हुने गर्छ । प्यारेन्टल, फिलिपल, रोमान्टिक र प्लेटोनेटिक मुख्यतया ४ किसिमका प्रेमहरु हुन् । तर जब हामी प्लेटोनेटिक मित्रहरु भेट्छौं वा प्लेटोनेटिक प्रेम को बारेमा कुरा गर्छौं, त्यसको सामु अरु प्रेमहरु फिक्का हुने गर्छन् । एक आधुनिक, स्वस्थ प्लेटोनेटिक सम्बन्ध कस्तो देखिन्छ त्यसबारेमा हामी कुरा गर्न गइरहेका छौं ।

**प्लेटोनेटिक प्रेम भनेको के हो ?**

प्लेटोनिक प्रेमको नाम प्रख्यात शास्त्रीय ग्रीक दार्शनिक प्लेटोबाट लिइएको हो । प्लेटोले आफ्नो प्रेमको बारेमा परिभाषा लेखेका थिए । त्यतिबेला भोजमा आउने पाहुनाहरुले ईरोसको सम्मानमा भाषण दिएर प्रेमको साँचो अर्थमा बहस गर्ने गरेका थिए । प्रारम्भमा, प्लेटोको संवाद समलिंगी सम्बन्ध, यौन र अन्य विषय तर्फ निर्देशित हुन्थ्यो । तर पुनर्जागरणले प्लेटोनिक प्रेम भन्नाले आजको जस्तो विपरीत लिंगीसँग हुने सम्बन्धहरुलाई समेट्न थालेको छ ।

मूलतः प्लेटोनिक प्रेम भनेको केवल प्रेम थियो, जुन अश्लीयल कुरा थिएन । यसको मतलब यो अभिलाषा वा शारीरिक आवश्यकता पूरा गर्नमा केन्द्रित थियो। यसको सट्टा, यो एक प्रेम थियो जसले अभिजात वर्गको पछि लाग्ने कार्यहरुलाई प्रेरित गर्यो । यसले दुवैको मनमा आनन्द भर्न थाल्यो । स्पष्ट रुपमा आज पनि यो विषयमा स्पष्ट अवधारणा आएको छैन । धर्मनिरपेक्ष संसारमा एक प्लेटोनिक सम्बन्ध मूलतः केवल मित्रहरु सुधार गर्नु (शून्य लाभहरु) को लागि हो भन्ने चिनिएको छ । प्लेटोनिटिक प्रेम, रोमान्टिक प्रेम जस्तो, गहिरो र गहन हुन सक्छ र जीवनको सबैभन्दा राम्रो यसले लामो मित्रताको आधार बनाउँछ।

**प्लेटोनेटिक प्रेमका ३ विशेषताहरु**

यसलाई जोड्नको लागि एक सरल तरिका भनेको राम्रो मित्र हुनु र त्यसैमा रोकिनु हो । यद्यपि सामान्य सम्बन्ध बनाउने समय, शक्तिका संरचनाहरु एवं परिवर्तनका आधारहरुको बारेमा धेरैले खोजिरहने उत्तरहरु भने यसमा पाउँदैनन् । प्लेटोनेटिक प्रेमको निम्न तीन विशेषताहरुले तपाईंलाई यो पहिचान गर्न, यसलाई तपाईंको अपेक्षाहरु व्यवस्थापन गर्न र त्यो सम्बन्धलाई आनन्दित र स्वस्थ राख्न मद्दत गर्छ।

१. प्लेटोनेटिकले प्रेमले नभएको इमानदारीलाई प्रोत्साहित गर्ने वा जगाउने काम गर्छ

विशुद्ध प्लेटोनिक सम्बन्धमा छलको व्यवहार निकै थोरै हुन्छ । रोमान्टिक सम्बन्धमा अन्य सम्बन्धमा जस्तो कुनै डर हुँदैन । किनकि यो सम्बन्धमा त्यस्ता व्यक्तिले तपाईंलाई छोड्नेछन् जो पहिले तपाईंको साथमा कहिल्यै थिएनन् । यो खालको प्रेममा सम्मान हुन्छ, सतर्कता हुन्छ र झगडा पनि हुन सक्छ । तपाईंहरुबीच झगडा हुन सक्छ, एक महिनाको लागि बोल्नुहुन्न, तर त्यसपछि फेरि उही सम्बन्ध हुन्छ । तर यो नबोलेको बीचमा पनि प्रेमभने अटूट हुन्छ ।



२. प्लेटोनेटिक प्रेमले बाउन्ड्रीलाई सम्मान गर्छ जबकि शुद्ध रुपले प्लेटोनेटिक सम्बन्धहरुमा उनीहरुसँग कुनै सम्बन्धलाई सीमामा बाँध्ने प्रयास हुन्छ। किनकि हामी हाम्रा साथीहरुलाई हाम्रा प्रेमिका जस्तै मापदण्डमा राख्छौं । समय बित्दै जाँदा तपाईंको सम्बन्धका सीमाहरु कति टाढासम्म पुग्न सक्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

प्लेटोनेटिक प्रेमको कुनै आशा हुँदैन

यद्यपि मित्रता दिने र लिने एक साझेदारी हो । जब यो प्लेटोनेटिक प्रेमको कुरा आउँदछ, तपाई नियमित मित्रताको भन्दा त्यस व्यक्तिको बढी अपेक्षा वा माग नगर्न होसियार हुनुपर्छ। रोमान्टिक प्रेम र प्लेटोनिक प्रेमबीचको भिन्नता भनेको आशामा हुन्छ । हामी हाम्रा रोमान्टिक साझेदारहरुबाट धेरै आशा गर्छौं किनकि प्रत्येक व्यक्तिसँग तपाईंको डेटिङ, सम्भाव्य रुपमा जीवनसाथीको रुपमा लिएको हुन्छ ।

**४. प्लेटोनिक प्रेम निस्वार्थ हुन्छ**

रोमान्टिक प्रेम आंशिक रुपमा स्वार्थी हुन्छ। यसले सम्पूर्णको साझेदारहरुको लागि के उत्तम हो र के गलत हो भन्ने चाहन्छ विवाह वा अन्य प्रतिबद्ध सम्बन्धहरु कहिलेकाँही हामीले त्यस्तो तरिकाले व्यवहार गर्नु आवश्यक हुन्छ जुन हामीले अन्यथा व्यवहार गर्न सक्दैनौं । यी कार्यहरु सतहमा निःस्वार्थ देखिन्छ किनभने तपाई आफ्नो साथीको फाइदाको लागि केही गर्न सक्नुहुन्छ। तर नजिक हेर्नुहोस् र सोच्नुहोस् कि तिनीहरु स्वार्थी छन् कि भावनामा सद्भाव कायम राख्न र सम्बन्ध कायम राख्न मद्दत गर्छ ।

*अनलाईनखबरबाट*

## खानेपानी...

८८ लाख रूपैयाँ ठेक्का प्रक्रियाबाट ५३ लाख रूपैयाँमा पाएका छन् । पहिलो पटक पानी हाल्दा सिपेज भइरहेको जानकारी आएको डिभिजन निमित प्रमुख अजय कर्णले सुनाए । अहिले पानी सिपेज रोकिएको उनको दाबी छ ।

'लहानमै अफिस हुँदा आयोजना निर्माण सुरु भएको थियो । त्यतिबेला उपभोक्ता समिति बनाउन सकिएको थिएन,'प्रमुख कर्णले भने,'तर, काम सम्पन्न हुँदा उपभोक्तामा हस्तान्तरण गर्नुपर्ने भएकोले अहिले समिति बनाउन पहल थालिएको छ ।' १ लाख लिटर क्षमताको खानेपानी आयोजना बनिरहेको उनले जानकारी गराए ।

## अबको चुनावमा ...

**नेपालको संविधान २०७२ असफल**

यथार्थमा विगतमा विभिन्न सरकारले अगालेको नवउदारवादी अर्थतन्त्रले सिर्जना गरेको असमानताको खाडल गहिरिँदै जानु, समयपूर्व बहुमत तथा अल्पमतका सरकारहरुले संसद्हरु विघटन गरेर राजनैतिक अस्थिरता निम्त्याउनुका साथै माओवादी सशस्त्र संघर्षका कारण तत्कालीन संसदीय व्यवस्थाको स्वरुपलाई संविधानसभामार्फत सुधारिएको थियो । फलस्वरुप वि.सं. २०७४ को चुनावमा दुई ठूला कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्रले साझा उम्मेद्‌वार खडा गरेकाले लगभग खसेको मतको आधा प्राप्त गर्न सफल भई संविधानअनुसार दुई तिहाइउन्मुख सांसदहरु प्रतिनिधिसभामा त्याई संघीय सरकार र सातमध्ये ६ प्रदेशहरुमा सरकार बनाउन डबल नेकपा सफल भएको थियो ।पाँच वर्षका लागि दिइएको जनमतविरूद्ध आन्तरिक पार्टी संघर्षको कारण उत्पन्न्न राजनैतिक विवादलाई समाधान गर्ने नाममा दुई तिहाइउन्मुख (६३.६ प्रतिशत) सांसदहरु भएको प्रतिनिधिसभालाई प्रधानमन्त्रीले विघटन गरी मध्यावधि निर्वाचनमा लगेर दुई तिहाइ सांसदहरु जिताउन र समानुपातिकमा कम्तीमा ५० लाख मत प्राप्त गर्न खोज्नु सैद्धान्तिक रुपमा नेपालको संविधान २०७२ मा परिभाषित राजनैतिक प्रणाली असफल हुनु हो । समग्रमा सरकारको स्थिरताको दृष्टिकोणबाट वर्तमान संविधान संशोधन वा पुनर्लेखन गर्नुका साथै संविधानमा प्रत्यक्ष निर्वाचन पद्धतिमार्फत राष्ट्र तथा सरकार प्रमुख एउटै हुने राजनैतिक प्रणालीको व्यवस्था हुन अति जरूरी देखिएको छ ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)